# शोधभर्ना हुने वैदेशिक श्रोतको बजेट फुकुवा तथा आयोजना लेखा सिफारिस कार्यविधि, २०७८/२०७९

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

## १) प्रथम त्रैमासिक फुकुवा प्रकृयाः

१.१ चालु आयोजनामा प्रथम त्रैमासिक अवधिको लागि विनियोजित बैदेशिक श्रोत नगद ऋण तथा नगद अनुदानको श्रोतको भुक्तानी/निकासा गर्दा फुकुवा आदेश आवश्यक पर्ने । महालेखा नियन्त्रक कार्यालयको खातामा प्राप्त भएको कोषको आधारमा मात्र नगद ऋण तथा नगद अनुदानको श्रोतको भुक्तानी/निकासा हुनेछ । सो बाहेक प्रथम त्रैमासिकको लागि विनियोजित शोधभर्ना हुने ऋण तथा अनुदान रकम भुक्तानी/निकासा दिन यस कार्यालयको फुकुवा आदेश आवश्यक नपर्ने तर नयाँ आयोजनाको सम्बन्धमा आयोजना सञ्चालनको लागि नेपाल सरकार र दातृ निकाय बीच ऋण वा अनुदान सम्झौता भई ऋण वा अनुदान सम्झौता कार्यन्वयन (Effective) भई सकेको हुनुपर्नेछ । चालु आयोजनाको हकमा भने प्रथम त्रैमासिक अवधिसम्म ऋण वा अनुदानको म्याद बाँकी भएको हुनुपर्नेछ । आन्तरिक ऋण लगानीतर्फ नेपाल सरकारको श्रोत मात्र कायम भएको बजेट/कार्यक्रमका लागि फुकुवा आवश्यक नपर्ने ।

## २) दोश्रो त्रैमासिक फुकुवा प्रकृयाः

२.१ विकास साझेदार संस्थासँग भएको विकास सहायता सम्झौता बमोजिम संचालनमा रहेका कार्यक्रम/आयोजनाको आ.ब. २०७६/७७ सम्मको सोधभर्ना बाँकी भए अर्थ मन्त्रालयबाट स्रोतान्तर/खर्च समर्थन गराएको प्रमाण पेश गर्नुपर्ने छ। आ.ब. २०७७/७८ को सोधभर्ना लिन बाँकी ऋण र अनुदान रकमको शोधभर्ना प्राप्त भैसकेको हुनुपर्ने छ। विविध कारणले सोधभर्ना प्राप्त हुन नसकेको भए सम्बन्धित दातृ निकायमा दरखास्त माग पेश गरिएको प्रमाण संलग्न हुनुपर्ने छ। एउटा दातृ निकायको ऋण तर्फ बढी शोधभर्ना प्राप्त भई अनुदानमा शोधभर्ना लिन बाँकी रही कूल शोधभर्ना प्राप्त भएता पनि सो दातृ निकायको अनुदान तर्फको श्रोत भने फुकुवा गरिने छैन ।
तर शोधभर्ना प्राप्त हुनु पर्ने रकम बक्यौता रहेको र दातृ निकायबाट तत्काल शोधभर्ना प्राप्त हुन नसक्नाको कारण सहित अर्थ मन्त्रालयबाट श्रोत फुकुवा गरिदिने विषयको पत्र र सम्बन्धित आयोजना/निकायका प्रमुख तथा आर्थिक प्रशासन प्रमुखले यथाशिघ्र शोधभर्ना माग गर्ने व्यहोराको लिखित प्रतिवद्धता पेश गर्नुपर्नेछ ।

दोस्रो त्रैमासिकको शोधभर्ना रकम फुकुवा माग गर्ने आयोजना/निकायले अनुसूची १ अनुसारको ढाँचामा शोधभर्नाको विवरण र संलग्न Checklist प्रमाणित गरी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

२.२ सम्बन्धित आयोजनाहरुले निर्दिष्ट ढाँचामा आ.व. २०७७/७८ को आयोजना लेखा (लेखापरीक्षण नभएको) पेश गरेको हुनु पर्नेछ । आयोजना लेखा (लेखापरीक्षण नभएको) पेश गर्न नपर्ने

आयोजनाहरुले दातृ निकायबाट निर्दिष्ट गरिएको आयोजना/कार्यक्रमको निकासा खर्चको एकिकृत वित्तीय विवरण पठाएको जानकारी सहित वित्तीय विवरण पेश गर्नु पर्नेछ ।

२.३ Implementation Progress Report (IPR) र Financial Monitoring Report (FMR) प्रणालीबाट शोधभर्ना हुने आयोजना/निकायहरुले आ.व. २०७७/७८ को तेश्रो चौमासिकसम्मको प्रतिवेदन पठाएको प्रति पेश गर्नुपर्नेछ । निकासा फुकुवा माग गरेको मितिमा प्रथम त्रैमासिक अवधिको IPR/FMR पठाउने मिति (त्रैमासिक अबधि समाप्त भएको ४५ दिन भित्र) नाघेको भए प्रथम त्रैमासिक अवधिको IPR/FMR दातृ निकायलाई पेश गरी यस कार्यालयलाई एक प्रति पेश गर्नुपर्नेछ ।

२.४ थ्रेसहोल्ड रकम पुगिसकेको शोधभर्ना लिनु पर्ने रकमको तुरुन्त शोधभर्ना वा कोषपूर्तिको लागि दातृ निकायमा मागपत्र (Withdrawal Application) पठाई सो को एक प्रति अनिवार्य रुपमा महालेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ । शोधभर्ना फुकुवा माग गर्दा Withdrawal Application को विवरण समेत चेक लिष्ट साथ संलग्न गरिएको हुनुपर्ने छ । ऋणतर्फको शोधभर्ना मागको Withdrawal Application को विवरण सार्वजनिक ऋण व्यवस्थापन कार्यालयलाई समेत पठाउनु पर्नेछ ।

२.५ आ.व. २०७७/०७८ को तेस्रो चौमासिक सम्ममा महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्क अनुसार शोधभर्ना श्रोतमा खर्च देखिएको तर दातृ निकायसँगको सम्झौताको शर्त अनुसार तत्काल दातृ निकायबाट शोधभर्ना प्राप्त नहुने धरौटी, प्रतित-पत्र, पेश्की आदि रकम वास्तविक रुपमा खर्च भैनसकेको कारणले शोधभर्ना तत्काल प्राप्त हुन नसक्ने आयोजना/कार्यक्रमको हकमा त्यस्तो रकम यकिन गरी सम्बन्धित मन्त्रालयबाट सोको प्रमाणित प्रतिवेदन सहित फुकुवा सिफारिश भै आएको हुनु पर्नेछ ।

२.६ दातृ निकायबाट सम्झौता अनुसारको सबै शोधभर्ना प्राप्त भएको तर बैंकले कमिशन लिदा महालेखा नियन्त्रक कार्यालयको केन्द्रीय खातामा सोही रकम घटि हुन गएमा बैंकले कमिशन लिएको पुष्टयाइ हुने विवरण सहित सम्बन्धित मन्त्रालयबाट फुकुवाको लागि सिफारिस भइ आएको हुनु पर्नेछ ।

२.७ निकासा लिइ आयोजनाबाट खर्च नभएको रकम तथा अन्य कुनै कारणले बेरुजु खातामा दाखिला गर्नुपर्ने भए त्यस्तो रकम बैंक दाखिला गरी भौचर पेश गरेको हुनु पर्नेछ ।

२.८ बजेटमा स्रोतगत बाँडफाँड फरक भै खर्च भएको तर दातृ निकायसँगको सम्झौता अनुसार शोधभर्ना प्राप्त हुन नसक्ने तथा शोधभर्ना स्रोतबाट खर्च भै वक्यौता हिसाबमा शोधभर्ना लिन बाँकी देखिएको रकम आ.व. २०७६/०७७ सम्मको भए श्रोतान्तर भै हिसाब मिलान भैसकेको हुनु पर्ने र आ.व. २०७७/०७८ को भए अर्थ मन्त्रालयमा श्रोतान्तरको लागि पेश भएको पत्रको बोधार्थ वा प्रतिलिपी पेश गर्नु पर्नेछ ।

२.९ आयोजनाले बैदेशिक सहायता सम्झौता अनुसार सार्वजनिक संस्थान तथा बोर्डलाई निकासा उपलब्ध गराएको शो.भ.हुने ऋण तथा अनुदानको रकम पनि समयमै शो.भ.प्राप्त गरिसक्नु पर्नेछ । संस्थान वा

बोर्डलाई निकासा दिएको शो.भ.हुने रकमको सो.भ.लिने र बाँकी रकम फरफारक गर्ने जिम्मा सम्बन्धित आयोजनाकै हुनेछ ।

२.१० नयाँ सम्झौता भएको आयोजनाको हकमा दातृ निकायसँग भएको सम्झौताको प्रति (Financila Agreement, Disbursement Letter, Project Appraisal Document, Loan/Grant Effective Letter) वा यस्तै सम्झौतासँग सम्बन्धित अन्य कागजातहरु पेश गर्नु पर्नेछ ।

२.११ आ.व.२०७८/०७९ को बजेट अख्तियारी/LMBIS, स्वीकृत कार्यक्रम, जिल्लागत बाँडफाँड हुनेमा जिल्लागत र स्रोतगत बाँडफाँड पेश गर्नु पर्नेछ । यस आ.व. मा रकमान्तर/श्रोतान्तर भै रकम घटबढ भएको भए सो अनुसार जिल्लागत र श्रोतगत अख्तियारी/LMBIS र कार्यक्रम समायोजन भैसकेको हुनु पर्नेछ ।

२.१२ आयोजनाको सम्झौताको म्याद, सम्झौता बमोजिमको शोधभर्ना रकम, हालसम्मको खर्च, शोधभर्ना भएको रकम र शोधभर्ना बाँकी रकम स्पष्ट हुने गरी आ.व. २०७७/०७८ को तेश्रो चौमासिक सम्मको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १७ संग सम्वन्धित अनुसूची ३ र नियम ४२(६) संग सम्वन्धित अनुसूची-९ वमोजिमको प्रतिवेदन पेश गर्नुपर्नेछ ।

२.१३ आयोजनाको नाममा खोलिएको विशेष खाताको हिसाबको त्रैमासिक विवरण पेश गर्नु पर्नेछ ।

२.१४ यस कार्यालयमा रहेको आयोजनागत/स्रोतगत शोधभर्ना वक्यौता हिसाबसँग आयोजनाको हिसाब भिडान भई अद्यावधिक भएको हुनु पर्नेछ ।

२.१५ Disbursement Linked Indicator – DLI मा आधारित आयोजना/कार्यक्रमहरुको हकमा Project Agreement, Progress Report/ DLI Rotation Plan सहित Disbursement Schedule पेश गर्नु पर्नेछ ।

२.१६ Retroactive Financing भएका आयोजना/कार्यक्रम हरुको हकमा कुल आयोजना/कार्यक्रम लागत, Retroactive Financing अनुपात/प्रतिशत र शोधभर्ना हुने गरी भएको जम्मा खर्च खुलाई पेश गर्नु पर्नेछ ।

२.१७ निकासा फुकुवा दिने मितिमा सम्झौता अनुसार दातृ निकायमा लेखापरीक्षण भएको आयोजना लेखा (Audited Projected Report) बुझाउनु पर्ने अवधि नाघिसकेको भए उक्त आयोजना लेखा पेश भइसकेको हुनुपर्ने छ ।

२.२ नेपाल सरकार र दातृ निकाय बीच मूल सम्झौता भै प्राप्त भएको अनुदान/ऋण रकम नेपाल सरकारले सहायक ऋण सम्झौता गरी स्वायत्त संस्थाहरुमा गरिएको लगानी रकम नेपाल सरकारबाट खर्च भै गएकोले शोधभर्ना बक्यौता हिसाबमा जनिएको तर सहायक ऋण संझौता गर्ने संस्थाले खर्च नगरी मौज्दात रहेको अवस्थामा उक्त रकमको हिसाबको प्रमाणित विवरण पेश गरी सो रकम कट्टा गरी मात्र निकासा फुकुवा गरिनेछ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

३. तेश्रो त्रैमासिक फुकुवा प्रकृयाः

३.१ विकास साझेदार संस्थासँग भएको विकास सहायता सम्झौता बमोजिम संचालनमा रहेका कार्यक्रम/आयोजनाको आ.ब. २०७७/७८ सम्म सोधभर्ना हुन बाँकी रकम प्राप्त भइसकेको र चालु आ.व. २०७८/०७९ को प्रथम त्रैमासिक सम्मको शोधभर्ना लिन बाँकी ऋण वा अनुदान खर्च रकम साझेदार संस्था समक्ष सोभधर्ना माग भएको तर समयमा रकम प्राप्त हन नसकेकोमा चौथो त्रैमासिक अगावै सोधभर्ना प्राप्त भइसक्ने विश्वसनियता सहितको पत्र पेश गर्नुपर्नेछ । एउटा दातृ निकायको ऋण तर्फ बढी शोधभर्ना प्राप्त भई अनुदानमा शोधभर्ना लिन बाँकी रही कूल शोधभर्ना प्राप्त भएता पनि सो दातृ निकायको अनुदान तर्फको श्रोत भने फुकुवा गरिने छैन ।

तर शोधभर्ना प्राप्त हुनु पर्ने रकम बक्यौता रहेको र दातृ निकायबाट तत्काल शोधभर्ना प्राप्त हुन नसक्नाको कारण सहित अर्थ मन्त्रालयबाट श्रोत फुकुवा गरिदिने विषयको पत्र र सम्बन्धित आयोजना/निकायका प्रमुख तथा आर्थिक प्रशासन प्रमुखले यथाशिघ्र शोधभर्ना माग गर्ने व्यहोराको लिखित प्रतिवद्धता पेश गर्नुपर्नेछ ।

तेस्रो ~~चौमासिकको~~ त्रैमासिकको शोधभर्ना रकम फुकुवा माग गर्ने आयोजना/निकायले अनुसूची २ अनुसारको ढाँचामा शोधभर्नाको विवरण र संलग्न Checklist प्रमाणित गरी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

३.२ सम्बन्धित आयोजनाहरुले दातृ निकायले निर्दिष्ट गरेको ढाँचामा आ.व. २०७७/०७८ को आयोजना लेखा (लेखा परीक्षण भएको) दातृ निकायमा पेश गरी सकेको हुनुपर्ने । आयोजना लेखा (लेखा परीक्षण भएको) पेश गर्नु नपर्ने आयोजनाहरुले दातृ निकायबाट निर्दिष्ट गरिएको आयोजना/कार्यक्रमको निकासा खर्चको एकिकृत वित्तीय विवरण पठाएको जानकारी सहित वित्तीय विवरण पेश गर्नुपर्नेछ ।

३.३ Implementation Progress Report (IPR) र Financial Monitoring Report (FMR) प्रणालीबाट शोधभर्ना हुने आयोजना/निकायहरुले आ.व.२०७८/०७९ को प्रथम त्रैमासिकको IPR/FMR अनुसार शोधभर्ना हुने गरी भएको खर्च रकम शोधभर्ना प्राप्त भैसक्नु पर्ने । निकासा माग गरेको मितिमा दोश्रो बैमासिक अवधिको IPR/FMR पठाउने मिति (त्रैमासिक अवधि समाप्त भएको ४५ दिन भित्र) नाघेको भए दोश्रो त्रैमासिक अवधिको IPR/FMR दातृ पक्ष/निकायलाई पेश गरी यस कार्यालयलाई एक प्रति पेश वा जानकारी गर्नु पर्नेछ ।

३.४ थ्रेसहोल्ड रकम पुगिसकेको शोधभर्ना लिनु पर्ने रकमको तुरुन्त शोधभर्ना वा कोषपूर्तिको लागि दातृ निकायमा मागपत्र (Withdrawal Application) पठाई सो को एक प्रति अनिवार्य रुपमा महालेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ । शोधभर्ना फुकुवा माग गर्दा Withdrawal Application को विवरण समेत चेक लिष्ट साथ संलग्न गरिएको हुनुपर्ने छ । ऋण तर्फको शोधभर्ना मागको Withdrawal Application को विवरण सार्वजनिक ऋण व्यवस्थापन कार्यालयलाई समेत पठाउनु पर्नेछ ।

नेपाल सरकार
अर्थ मन्त्रालय

३.५ महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्क अनुसार शोधभर्ना श्रोतमा खर्च देखिएको तर दातृ निकायसँगको सम्झौताको शर्त अनुसार तत्काल दातृ निकायबाट शोधभर्ना प्राप्त नहुने धरौटी, प्रतित-पत्र, पेश्की आदि रकम वास्तविक रुपमा खर्च भैनसकेको कारणले शोधभर्ना तत्काल प्राप्त हुन नसक्ने आयोजना/कार्यक्रमको हकमा त्यस्तो रकम यकिन गरी सम्बन्धित मन्त्रालयबाट सोको प्रमाणित प्रतिवेदन सहित फुकुवा सिफारिश भै आएको हुनु पर्नेछ ।

३.६ दातृ निकायबाट सम्झौता अनुसारको सबै शोधभर्ना प्राप्त भएको तर बैंकले कमिशन लिदा महालेखा कार्यालयको केन्द्रीय खातामा कमिशन बराबरको रकम घटि हुन गएमा बैंकले कमिशन लिएको पुष्ट्याइ हुने विवरण सहित सम्बन्धित मन्त्रालयबाट फुकुवाको लागि सिफारिस भइ आएको हुनुपर्ने र सो रकम श्रोतान्तरको लागि अर्थ मन्त्रालयमा पेश गरेको हुनु पर्नेछ ।

३.७ निकासा लिइ आयोजनाबाट सम्बन्धीत कार्यक्रमको लागि पेश्की उपलब्ध गराएको रकम खर्च नभएको अवस्थामा वा अन्य कुनै कारणले बेरुजु खातामा दाखिला गर्नुपर्ने भए त्यस्तो रकम बैंक दाखिला गरी भौचर पेश गरेको हुनु पर्नेछ ।

३.८ यस आ.व. मा रकमान्तर/श्रोतान्तर भै रकम घटबढ भएको भए सो अनुसार जिल्लागत र श्रोतगत अख्तियारी/LMBIS र कार्यक्रम समायोजन भैसकेको हुनु पर्नेछ ।

३.९ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४२(५) (घ) अनुसार चालु आ.व. को दोस्रो त्रैमासिक सम्मको शोधभर्ना तर्फको रकम भिडान गरेको र श्रोतगत रुपमा फरक पारी खर्च भएको वा Joint Financing Agreement अनुसार संसोधन गरी वजेट मिलान गर्नु पर्ने भए सो समेत सोही नियमावलिको नियम ४३(१) अनुसार अर्थ मन्त्रालयबाट नियमित भईसकेको अर्थ मन्त्रालयको पत्र प्राप्त भईसकेको हुनु पर्नेछ ।

३.१० आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १७ संग सम्वन्धित अनुसूची ३ र नियम ४२(६) संग सम्वन्धित अनुसूची-९ वमोजिमको चालू आ.व. २०७८/०७९ को प्रथम त्रैमासिक सम्मको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

३.११ आयोजनाको नाममा खोलिएको विशेष खाताको हिसाबको त्रैमासिक विवरण विवरण पेश गर्नु पर्नेछ ।

३.१२ Disbursement Linked Indicator – DLI मा आधारित आयोजना/कार्यक्रमहरुको हकमा Project Agreement, Progress Report/ DLI Rotation Plan सहित Disbursement Schedule पेश गर्नु पर्नेछ ।

३.१३ Retroactive Financing भएका आयोजना/कार्यक्रम हरुको हकमा कुल आयोजना/कार्यक्रम लागत, Retroactive Financing अनुपात/प्रतिशत र शोधभर्ना हुने गरी भएको जम्मा खर्च खुलाई पेश गर्नु पर्नेछ ।

नेपाल सरकार
अर्थ मन्त्रालय

३.१४ नेपाल सरकार र दातृ निकाय बीच मूल सम्झौता भै प्राप्त भएको अनुदान/ऋण रकम नेपाल सरकारले सहायक ऋण सम्झौता गरी स्वायत्त संस्थाहरुमा गरिएको लगानी रकम नेपाल सरकारबाट खर्च भै गएकोले शोधभर्ना बक्यौता हिसाबमा जनिएको तर सहायक ऋण संझौता गर्ने संस्थाले खर्च नगरी मौज्दात रहेको अवस्थामा उक्त रकमको हिसाबको प्रमाणित विवरण पेश गरी सो रकम कट्टा गरी मात्र निकासा फुकुवा गरिनेछ ।

३.१५ वित्तीय हस्तान्तरण भई प्रदेश तथा स्थानीय तहमा सञ्चालित आयोजनाको हकमा चालु आ.व.को प्रथम त्रैमासिक सम्मको वजेट, निकासा तथा खर्चको श्रोतगत विवरण सम्वन्धित आयोजना सञ्चालन गर्ने निकायले तयार गरी सम्वन्धित लेखा उत्तरदायी अधिकृतवाट प्रमाणित गराई पेश गर्नुपर्नेछ ।

**४. चौथो त्रैमासिक फुकुवा प्रकृयाः**

४.१ विकास साझेदार संस्थासँग भएको विकास सहायता सम्झौता बमोजिम संचालनमा रहेका कार्यक्रम/आयोजनाको चालु आ.व. २०७८/०७९ को दोस्रो त्रैमासिक सम्मको शोधभर्ना लिन बाँकी ऋण र अनुदान खर्च दातृ पक्षबाट शोधभर्ना प्राप्त भैसकेको हुनुपर्नेछ । एउटा दातृ निकायको ऋण तर्फ बढी शोधभर्ना प्राप्त भई अनुदानमा शोधभर्ना लिन बाँकी रही कूल शोधभर्ना प्राप्त भएता पनि सो दातृ निकायको अनुदान तर्फको श्रोत भने फुकुवा गरिने छैन ।

तर शोधभर्ना प्राप्त हुनु पर्ने रकम बक्यौता रहेको र दातृ निकायबाट तत्काल शोधभर्ना प्राप्त हुन नसक्नाको कारण सहित अर्थ मन्त्रालयबाट श्रोत फुकुवा गरिदिने विषयको पत्र र सम्बन्धित आयोजना/निकायका प्रमुख तथा आर्थिक प्रशासन प्रमुखले यथाशिघ्र शोधभर्ना माग गर्ने व्यहोराको लिखित प्रतिवद्धता पेश गर्नुपर्नेछ ।

चौथो त्रैमासिकको शोधभर्ना रकम फुकुवा माग गर्ने आयोजना/निकायले अनुसूची ३ अनुसारको ढाँचामा शोधभर्नाको विवरण र संलग्न Checklist प्रमाणित गरी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

४.२ सम्बन्धित आयोजनाहरुले दातृ निकायले निर्दिष्ट गरेको ढाँचामा आ.व. २०७७/०७८ को आयोजना लेखा (लेखा परीक्षण भएको) दातृ निकायमा पेश गरि सकेको हुनुपर्ने । आयोजना लेखा (लेखा परीक्षण भएको) पेश गर्नु नपर्ने आयोजनाहरुले दातृ निकायबाट निर्दिष्ट गरिएको आयोजना/कार्यक्रमको निकासा खर्चको एकिकृत वित्तीय विवरण पठाएको जानकारी सहित वित्तीय विवरण पेश गर्नुपर्नेछ ।

४.३ Implementation Progress Report (IPR) र Financial Monitoring Report (FMR) प्रणालीबाट शोधभर्ना हुने आयोजना/निकायहरुले आ.व.२०७८/०७९ को दोस्रो त्रैमासिकको IPR/FMR अनुसार शोधभर्ना हुने गरी भएको खर्च रकम शोधभर्ना प्राप्त भैसक्नु पर्ने । निकासा माग गरेको मितिमा तेस्रो त्रैमासिक अवधिको IPR/FMR पठाउने मिति (त्रैमासिक अवधि समाप्त भएको ४५ दिन भित्र) नाघेको भए तेस्रो त्रैमासिक अवधिको IPR/FMR दातृ पक्ष/निकायलाई पेश गरी यस कार्यालयलाई एक प्रति पेश वा जानकारी गर्नु पर्नेछ ।

४.४ थ्रेसहोल्ड रकम पुगिसकेको शोधभर्ना लिनु पर्ने रकमको तुरुन्त शोधभर्ना वा कोषपूर्तिको लागि दातृ निकायमा मागपत्र (Withdrawal Application) पठाई सो को एक प्रति अनिवार्य रुपमा महालेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ । शोधभर्ना फुकुवा माग गर्दा Withdrawal Application को विवरण समेत चेक लिष्ट साथ संलग्न गरिएको हुनुपर्ने छ । ऋण तर्फको शोधभर्ना मागको Withdrawal Application को विवरण सार्वजनिक ऋण व्यवस्थापन कार्यालयलाई समेत पठाउनु पर्नेछ ।

४.५ महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्क अनुसार शोधभर्ना श्रोतमा खर्च देखिएको तर दातृ निकायसँगको सम्झौताको शर्त अनुसार तत्काल दातृ निकायबाट शोधभर्ना प्राप्त नहुने धरौटी, प्रतित-पत्र, पेश्की आदि रकम वास्तविक रुपमा खर्च भैनसकेको कारणले शोधभर्ना तत्काल प्राप्त हुन नसक्ने आयोजना/कार्यक्रमको हकमा त्यस्तो रकम यकिन गरी सम्बन्धित मन्त्रालयबाट सोको प्रमाणित प्रतिवेदन सहित फुकुवा सिफारिश भै आएको हुनु पर्नेछ ।

४.६ दातृ निकायबाट सम्झौता अनुसारको सबै शोधभर्ना प्राप्त भएको तर बैंकले कमिशन लिदा महालेखा कार्यालयको केन्द्रीय खातामा कमिशन बराबरको रकम घटि हुन गएमा बैंकले कमिशन लिएको पुष्टयाइ हुने विवरण सहित सम्बन्धित मन्त्रालयबाट फुकुवाको लागि सिफारिस भइ आएको हुनुपर्ने र सो रकम श्रोतान्तरको लागि अर्थ मन्त्रालयमा पेश गरेको हुनु पर्नेछ ।

४.७ निकासा लिइ आयोजनाबाट सम्बन्धीत कार्यक्रमको लागि पेश्की उपलब्ध गराएको रकम खर्च नभएको अवस्थामा वा अन्य कुनै कारणले बेरुजु खातामा दाखिला गर्नुपर्ने भए त्यस्तो रकम बैंक दाखिला गरी भौचर पेश गरेको हुनु पर्नेछ ।

४.८ यस आ.व. मा रकमान्तर/श्रोतान्तर भै रकम घटबढ भएको भए सो अनुसार जिल्लागत र श्रोतगत अख्तियारी/LMBIS र कार्यक्रम समायोजन भैसकेको हुनु पर्नेछ ।

४.९ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४२(५) (घ) अनुसार चालु आ.व. को तेस्रो त्रैमासिक सम्मको शोधभर्ना तर्फको रकम भिडान गरेको र श्रोतगत रुपमा फरक पारी खर्च भएको वा Joint Financing Agreement अनुसार संसोधन गरी वजेट मिलान गर्नु पर्ने भए सो समेत सोही नियमावलिको नियम ४३(१) अनुसार अर्थ मन्त्रालयबाट नियमित भईसकेको अर्थ मन्त्रालयको पत्र प्राप्त भईसकेको हुनु पर्नेछ ।

४.१० आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १७ संग सम्वन्धित अनुसूची ३ र नियम ४२(६) संग सम्वन्धित अनुसूची-९ वमोजिमको चालू आ.व. २०७८/०७९ को दोस्रो त्रैमासिक सम्मको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

४.११ आयोजनाको नाममा खोलिएको विशेष खाताको हिसाबको त्रैमासिक विवरण विवरण पेश गर्नु पर्नेछ ।

४.१२ Disbursement Linked Indicator अर्थ DLI मा आधारित आयोजना/कार्यक्रमहरुको हकमा Project Agreement, Progress Report/ DLI Rotation Plan सहित Disbursement Schedule पेश गर्नु पर्नेछ ।

४.१३ Retroactive Financing भएका आयोजना/कार्यक्रम हरुको हकमा कुल आयोजना/कार्यक्रम लागत, Retroactive Financing अनुपात/प्रतिशत र शोधभर्ना हुने गरी भएको जम्मा खर्च खुलाई पेश गर्नु पर्नेछ ।

४.१४ नेपाल सरकार र दातृ निकाय बीच मूल सम्झौता भै प्राप्त भएको अनुदान/ऋण रकम नेपाल सरकारले सहायक ऋण सम्झौता गरी स्वायत्त संस्थाहरुमा गरिएको लगानी रकम नेपाल सरकारबाट खर्च भै गएकोले शोधभर्ना बक्यौता हिसाबमा जनिएको तर सहायक ऋण संझौता गर्ने संस्थाले खर्च नगरी मौज्दात रहेको अवस्थामा उक्त रकमको हिसाबको प्रमाणित विवरण पेश गरी सो रकम कट्टा गरी मात्र निकासा फुकुवा गरिनेछ ।

४.१५ वित्तीय हस्तान्तरण भई प्रदेश तथा स्थानीय तहमा सञ्चालित आयोजनाको हकमा चालु आ.व.को दोस्रो त्रैमासिक सम्मको वजेट, निकासा तथा खर्चको श्रोतगत विवरण सम्वन्धित आयोजना सञ्चालन गर्ने निकायले तयार गरी सम्वन्धित लेखा उत्तरदायी अधिकृतवाट प्रमाणित गराई पेश गर्नुपर्नेछ ।

**आयोजना लेखा सिफारिस गर्ने सम्बन्धमा**

(१) बैदेशिक स्रोत समावेश भएका आयोजनाहरुको दातृ निकायमा पेश गरिने आयोजना लेखाको सम्बन्धमा सामान्यतया लेखापरीक्षण नभएको आयोजना लेखा (Un-Audited Project Account) असोज मसान्त भित्र र लेखापरीक्षण भएको आयोजना लेखा (Audited Project Account) पौष मसान्त भित्र पेश गरि सक्नुपर्नेछ । सम्बन्धित दातृ निकायसँग भएको सम्झौतामा लेखापरीक्षण भएको र नभएको आयोजना लेखा पेश गर्ने समयावधिका सम्बन्धमा छुट्टै व्यवस्था भएको छ भने सोही बमोजिम पेश हुनुपर्नेछ ।

(२) आयोजना लेखा प्रमाणित/सिफारिसको लागि यस कार्यालयमा पठाउँदा सम्बन्धित मन्त्रालयका सचिव र आर्थिक प्रशासन शाखा प्रमुखको दस्तखत गरी पेश गर्नुपर्ने । सम्बन्धित मन्त्रालयले आयोजना लेखा प्रमाणित/सिफारिसका लागि यस कार्यालयमा पत्र पठाउँदा बजेट उप-शिर्षक, आयोजनाको नाम, ऋण/अनुदान नम्वर र माथि बुदा नं. १ मा उल्लेखित समयमा पेश गर्न नसकेको भए सो को उचित कारण समेत उल्लेख गर्नुपर्नेछ ।

(३) आयोजनाहरुले ऋण खाता (Loan Ledger) सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट प्रमाणित गरी आयोजना लेखामा समावेश गर्नुपर्नेछ ।

(४) आयोजना लेखा प्रमाणितका लागि पेश हुँदा बैदेशिक श्रोत समावेश भएको बजेट समेत देखिने गरी एकिकृत आर्थिक विवरण पनि पेश गर्नुपर्नेछ ।

(५) एउटै बजेट उप-शिर्षकबाट दुई वा दुई भन्दा बढी आयोजनाहरुले निकासा/खर्च गर्ने व्यवस्था भएमा सम्बन्धित मन्त्रालय, आयोजना वा समन्वय कार्यालयले एकीकृत आयोजना लेखा पेश गर्नु पर्नेछ । ऋण तथा अनुदान सम्झौता अनुसार एकीकृत आयोजना लेखा पेश गर्न नपर्ने भएमा सम्बन्धित मन्त्रालय, आयोजना वा समन्वय कार्यालयले मातहतका आयोजनाबाट विवरण माग गरी आयोजनाको विनियोजित बजेट, निकासा/खर्च, शोधभर्न्ना प्राप्ती र शोधभर्न्ना बाँकी रकम स्पष्ट हुने गरी बजेट कार्यन्वयन शाखामा एकीकृत वित्तीय विवरण अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(६) सम्बन्धित निकाय/आयोजनाबाट प्रमाणित वा सिफारिसको लागी पेश भएका आयोजना लेखामा दातृ निकायबाट वस्तुगत सहायता तथा सोझै भुक्तानी अन्तर्गत प्राप्त भएका सबै रकमहरुको उल्लेख गर्नुपर्नेछ । यस्ता रकमहरु महालेखा नियन्त्रक कार्यालयको एकल खाता कोष प्रणालीमा लेखाङ्कन गरेर मात्र उल्लेख गर्नुपर्नेछ ।

(५) आयोजना संचालन गर्ने निकायमा आ.व.२०७७/०७८ मा र सो भन्दा अगाडि नै बन्द भएका आयोजना भए त्यस्ता बन्द आयोजनाको शोधभर्ना लिन बाँकि भए श्रोतान्तर वा हिसाव फरफारक गरी तथा बढी शोधभर्ना प्राप्त भैसकेका आयोजना भए अर्थ मन्त्रालयवाट निर्णय गराई हिसाव मिलान / समायोजन गरी गराई त्यसको प्रगति पेश गर्नु पर्नेछ ।

(७) यस कार्यालयमा आयोजना लेखा प्रमाणित/शिफारिसका लागि पेश गर्दा आयोजना लेखामा उल्लेख भएको वैदेशिक श्रोत तर्फ शोधभर्ना हुने ऋण प्राप्ती, ऋण लगानी वा सेयर लगानीको हिसाव सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको अभिलेखसंग भिडान गरी पेश भएको हुनुपर्ने छ ।

(८) आयोजनाबाट प्रमाणित वा सिफारिसको लागी पेश भएका आयोजना लेखा यस कार्यालयमा रहेको अभिलेखसँग भिडान गरी उक्त आयोजना लेखा भिडान भएको र अन्य शर्तहरु पूरा भएको अवस्थामा आयोजना लेखा प्रमाणित वा सिफारिस गर्न अनुमानित कम्तिमा ५ दिन लाग्ने हुँदा सोही अनुसार समय तालिका मिलान गर्नुपर्नेछ ।

## अनुसूची १

### शोधभर्नाको विवरण - दोस्रो त्रैमासिक स्रोत फुकुवाको लागि

आर्थिक बर्षः
आयोजनाको नामः
दातृ निकाय पक्ष
बजेट उपशीर्षकः
ऋण अनुदान नं.

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय

| क.सं. | विवरण | अनुदान | ऋण | जम्मा |
|---|---|---|---|---|
| १ | आ.ब. २०७६/७७ सम्मको शोधभर्ना लिन बाँकी रकम (अल्या) | | | |
| २ | आ.ब. २०७७/७८ सम्मको शोधभर्ना हुने कुल खर्च | | | |
| ३ | आ.ब. २०७७/७८ मा शोधभर्ना प्राप्त रकम | | | |
| ४ | हिसाव समायोजन गरी शोधभर्ना बाँकी रकम घटाउने/जोडने | | | |
| **खुद शोधभर्ना बाँकी (१+२+३+-४)** | | | | |

आर्थिक प्रशासन प्रमुखको
नामः
दस्तखतः

आयोजना प्रमुखको
नामः
दस्तखतः

मिति २०७८।०४।...... को निर्णय अनुसार दोश्रो चौमासिकको शोधभर्ना श्रोत फुकुवा हुन आवश्यक बुदाहरुको **Checklist**

नेपाल सरकार अर्थ मन्त्रालय महालेखा नियन्त्रक कार्यालय अनामनगर, काठमाडौं

सम्वन्धित मन्त्रालय:

आयोजनाको नाम :

अनुदान/ऋण नं. :

बजेट उपशिर्षक नं.:

| कार्यबिधिको बुदा न. | कार्य बिधिको बिबरण | छ | छैन | अन्य/कैफियत | आवश्यक नपर्ने |
|---|---|---|---|---|---|
| 2.1 | आ.व. २०७७।०७८ सम्मको शोधभना लिन बाँकी सबै रकम शोधभर्ना प्राप्त भैसकेको हुनुपर्ने । | | | | |
| | सो नभएमा अर्थ मन्त्रालयबाट शोधभना बक्यौता रहे पनि श्रोत फुकूवा दिन सिफारिस भै आउनु पर्ने । मन्त्रालयको प.स. ............च.न. ................मिति................ | | | | |
| 2.2 | आ.व.२०७६।०७७ को आयोजनाहरुले दातृ निकायले निर्दिष्ट गरेको आयोजना लेखा (लेखा परिक्षण नभएको) पेश भएको हुनु पर्ने । | | | | |
| | आयोजना लेखा पेश गर्नु नपर्ने दातृ निकायहरुको स्रोत तर्फको हकमा दातृ निकायबाट निर्दिष्ट गरिएको आयोजना/कार्यक्रमको निकासा खर्चको एकिकृत विवरण पठाएको जानकारी र विवरण पेश भएको हुनुपर्ने । | | | | |
| 2.3 | IPR/FMR दातृनिकायलाई पेश भएकोमा यस कार्यालयलाई एक प्रति प्राप्त हुनु पर्ने । | | | | |
| 2.4 | शोधभना वा कोषपुर्तिको लागि माँग पत्र/ Withdrawl Application दातृ निकायमा पठाएकोमा सो को एक प्रति महालेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने | | | | |
| | निकासा फुकुवा मागगर्दा अघिल्लो चौमासिकको शोधभर्ना माग प्रक्रिया सुरु गरेको हुनुपर्ने । | | | | |
| 2.5 | दातृ निकायबाट शोधभना प्राप्त नहुने धरौटी, प्रतित-पत्र, पेश्की आदि रकम भएमा सम्वन्धित मन्त्रालयबाट फुकुवा सिफारिश भै आएको हुनुपर्ने । | | | | |
| 2.6 | बैंकले कमिशन लिएको भए सो पुष्ट्याइ हुने विवरण सहित सम्बन्धित मन्त्रालयबाट फुकुवाको लागि सिफारिस भइ आएको हुनु पर्नेछ । | | | | |
| 2.7 | बेरुजु खातामा दाखिला गरेको रकमको बैंक भौचर पेश गर्नु पर्नेछ । | | | | |
| 2.8 | आ.व 2076.077 सम्मको स्रोतान्तर हुनुपर्ने रकम भैसकेको हुनु पर्नेछ । | | | | |
| 2.9 | नयाँ सम्झौता भएको आयोजनाको सम्झौतासँग सम्बन्धित कागजातहरु पेश भएको हुनु पर्ने । | | | | |
| 2.1 | आ.व.२०७८/०७९ को बजेट अख्तियारी/LMBIS, स्वीकृत कार्यकम, जिल्लागत बाँडफाँड हुनेमा जिल्लागत र स्रोतगत बाँडफाँड पेश गनुपर्नेछ । | | | | |
| 2.11 | अनुसूची ३ र अनुसूची-९ को प्रतिवेदन पेश गर्नु पर्ने । | | | | |
| 2.12 | आयोजनाको नाममा खोलिएको विशेष खाताको हिसाब पेश भएको हुनु पर्ने । | | | | |
| 2.13 | यस आ.व. मा रकमान्तर/श्रोतान्तर भै रकम घटबढ भएको भए सो अनुसार जिल्लागत र श्रोतगत अख्तियारी र कार्यक्रम समायोजन भैसकेको हुनु पर्ने | | | | |
| 2.14 | यस शाखामा रहेको आयोजनागत/स्रोतगत शोधभर्ना वक्यौता हिसाबसँग आयोजनाको हिसाब भिडान भएको | | | | |
| 2.15 | DLI मा आधारित आयोजना/कार्यक्रमहरुको Progress report/ DLI rotation Plan सहित Disbursement Schedule पेश भएको । | | | | |
| 2.16 | Retroactive Financing को हकमा कुल आयोजना/कार्यक्रम लागत, Retroactive Financing अनुपात/प्रतिशत र शोधभर्ना हुने गरी भएको जम्मा खर्च खुलाई बिवरण पेश भएको । | | | | |
| 2.17 | निकासा फुकुवा दिने मितिमा सम्झौता अनुसार दातृ निकायमा आयोजना लेखा (Audited) बुझाउनु पर्ने अवधि नाघिसकेको भए आयोजना लेखा(Audited) पेश भएको | | | | |
| 2.18 | नेपाल सरकार र दातृ निकाय बीच सहायता सम्झौता भै प्राप्त भएको अनुदान/ऋण रकम नेपाल सरकारले सहायक ऋण सम्झौता गरी स्वायत्त संस्थाहरुमा गरिएको लगानी रकम नेपाल सरकारबाट खर्च भै गएकोले सोभर्ना बक्यौता हिसाबमा जनिएको तर सहायक ऋण सम्झौता गर्ने संस्थाले खर्च नगरी मौज्दात रहेको रकमको हिसाबको प्रमाणित बिबरण पेश गरि सो रकम कट्टा गरी मात्र निकासा फुकुवा माग गर्नु पर्ने । | | | | |

**आर्थिक प्रशासन प्रमुखको**

नाम :

दस्तखत :

**आयोजना प्रमुखको**

नाम :

दस्तखत :

अनुसूची २

शोधभर्नाको विवरण (तेश्रो त्रैमासिक श्रोत फुकुवाको लागि)

आर्थिक वर्ष :
आयोजनाको नाम :
दातृ निकाय/पक्ष :
बजेट उपशिर्षक :
ऋण/अनुदान नं. :

| क्र.सं. | विवरण | अनुदान | ऋण | जम्मा |
|---|---|---|---|---|
| १. | आ.व. २०७७।०७८ को शोधभर्ना लिन बांकी रकम (अल्या) | | | |
| २ | आ.व. २०७८।०७९ को प्रथम चौमासिक सम्मको शोधभर्ना हुने कूल खर्च | | | |
| ३ | आ.व. २०७८।०७९ मा हाल सम्म शोधभर्ना प्राप्त रकम | | | |
| ४. | हिसाब समयोजन गरि शोधभर्ना बाँकी रकम घटाउने/जोड्ने | | | |
| | **खुद शोधभना बाँकी (१+२+३±४)** | | | |

आर्थिक प्रशासन प्रमुखको
नाम :
दस्तखत :

आयोजना प्रमुखको
नाम :
दस्तखत :

मिति २०७८।०४।......... को निर्णय अनुसार तेश्रो त्रैमासिकको शोधभर्ना श्रोत फुकुवा हुन आवश्यक बुदाहरुको Checklist

**सम्वन्धित मन्त्रालयः**

**आयोजनाको नाम :**

**अनुदान/ऋण नं. :**

**बजेट उपशिर्षक नं.**

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

| कार्य बिधिको बुदा न. | कार्य बिधिको बिबरण | छ | छैन | अन्य/कैफियत | आवश्यक नपर्ने |
|---|---|---|---|---|---|
| 3.1 | आ.व. २०७८।०७९ को प्रथम त्रैमासिकसम्मको शोधभना लिन बाँकी सबै रकम शोधभना प्राप्त भैसकेको हुनुपर्ने । | | | | |
| | सो नभएमा अर्थ मन्त्रालयबाट शोधभना बक्यौता रहे पनि श्रोत फुकूवा दिन सिफारिस भै आउनु पर्ने । मन्त्रालयको प.स. च.न. मिति | | | | |
| 3.2 | cf=j=@)&&.)&* sf] cfof]hgfx?n] bft[ lgsfon] lgl{b{i6 u/]sf] cfof]hgf n]vf -n]vf kl/lf0f ePsf] k]z ePsf] x'g' kg]{ | | | | |
| | आयोजना लेखा पेश गर्नु नपर्ने दातृ निकायहरुको स्रोत तर्फको हकमा दातृ निकायबाट निर्दिष्ट गरिएको आयोजना/कार्यक्रमको निकासा खर्चको एकिकृत विवरण पठाएको जानकारी र विवरण पेश भएको हुनु पर्ने । | | | | |
| 3.3 | IPR/FMR दातृ निकायलाई पेश भएकोमा यस कार्यालयलाई एक प्रति प्राप्त हुनुपर्ने । | | | | |
| 3.4 | शोधभर्ना वा कोषपुर्तिको लागि माँग पत्र/ Withdrawl Application दातृ निकायमा पठाएकोमा सो को एक प्रति महालेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने । | | | | |
| | निकासा फुकुवा मागगर्दा अघिल्लो चौमासिकको शोधभर्ना माग प्रक्रिया सुरु गरेको हुनुपर्ने । | | | | |
| 3.5 | दातृ निकायबाट शोधभना प्राप्त नहुने धरौटी, प्रतित-पत्र, पेश्की आदि रकम भएमा सम्बन्धित मन्त्रालयबाट फुकुवा सिफारिश भै आएको हुनु पर्ने । | | | | |
| 3.6 | बैंकले कमिशन लिएको भए सो पुष्ट्याइ हुने विवरण सहित सम्बन्धित मन्त्रालयबाट फुकुवाको लागि सिफारिस भइ आएको हुनु पर्नेछ । | | | | |
| 3.7 | बेरुजु खातामा दाखिला गरेको रकमको बैंक भौचर पेश गर्नु पर्नेछ । | | | | |
| 3.8 | यस आ.व. मा रकमान्तर/श्रोतान्तर भै रकम घटबढ भएको भए सो अनुसार जिल्लागत र श्रोतगत अख्तियारी र कार्यक्रम समायोजन भैसकेको हुनुपर्ने । | | | | |
| 3.9 | श्रोतगत रुपमा फरक पारी खर्च भएको वा Joint Financing Agreement अनुसार संसोधन गरी वजेट मिलान गर्नु पर्ने भए गरिसकेको हुनु पर्ने । | | | | |
| 3.10 | आर्थिक कार्यविधि तथा वितीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिमको अनुसूची ३ र ९ को प्रतिवेदन पेश गर्नु पर्ने । | | | | |
| 3.11 | आयोजनाको नाममा खोलिएको विशेष खाताको हिसाब पेश भएको हुनु पर्ने । | | | | |
| 3.12 | DLI मा आधारित आयोजना/कार्यक्रम हरुको Progress report/ DLI Rotation Plan सहित Dishbursement Schedule पेश गर्नु पर्नेछ | | | | |
| 3.13 | Retroactive Financing भएका आयोजना/कार्यक्रम हरुको हकमा कुल आयोजना/कार्यक्रम लागत, Retroactive Financing अनुपात/प्रतिशत र शोधभर्ना हुने गरी भएको जम्मा खर्च खुलाई बिवरण पेश भएको । | | | | |
| 3.14 | नेपाल सरकार र दातृ निकाय बीच सहायता सम्झौता भै प्राप्त भएको अनुदान/ऋण रकम नेपाल सरकारले सहायक ऋण सम्झौता गरी स्वायत्त संस्थाहरुमा गरिएको लगानी रकम नेपाल सरकारबाट खर्च भै गएकोले सोभभर्ना बक्यौता हिसाबमा जनिएको तर सहायक ऋण सम्झौता गर्ने संस्थाले खर्च नगरी मौज्दात रहेको रकमको हिसाबको प्रमाणित बिबरण पेश गरि सो रकम कट्टा गरी मात्र निकासा फुकुवा माग गर्ने । | | | | |
| 3.15 | वित्तीय हस्तान्तरण भई प्रदेश तथा स्थानीय तहमा सञ्चालित आयोजनाको हकमा चालु आ.व.को प्रथम चौमासिक सम्मको वजेट, निकासा तथा खर्चको श्रोतगत विवरण सम्वन्धित आयोजना सञ्चालन गर्ने निकायले तयार गरी सम्वन्धित लेखा उत्तरदायी अधिकृतवाट प्रमाणित गराई पेश गरेको हुनुपर्ने । | | | | |

**आर्थिक प्रशासन प्रमुखको**

नाम :

दस्तखत :

**आयोजनो प्रमुखको**

नाम :

दस्तखत :

## अनुसूची ३

## शोधभर्नाको विवरण ~~(तेस्रो चैमासिक औरा फुकुवाको लागि)~~

(चौथो चैमासिक फुकुवाको लागि)

**आर्थिक वर्ष :**

**आयोजनाको नाम :**

**दातृ निकाय/पक्ष :**

**बजेट उपशिर्षक :**

**ऋण/अनुदान नं. :**

| क्र.सं. | विवरण | अनुदान | ऋण | जम्मा |
|---|---|---|---|---|
| १. | आ.व. २०७७।०७८ को शोधभर्ना लिन बांकी रकम (अल्या) | | | |
| २ | आ.व. २०७८।०७९ को प्रथम त्रैमासिक सम्मको शोधभर्ना हुने कूल खर्च | | | |
| ३ | आ.व. २०७८।०७९ को दोस्रो त्रैमासिक सम्मको शोधभर्ना हुने कूल खर्च | | | |
| ४ | आ.व. २०७८।०७९ मा हालसम्मको शोधभर्ना प्राप्त रकम | | | |
| ५ | हिसाब समयोजन गरि शोधभर्ना बाँकी रकम घटाउने/जोड्ने | | | |
| | **खुद शोधभना बाँकी (1+2+3+4+-5)** | | | |

आर्थिक प्रशासन प्रमुखको

नाम :

दस्तखत :

आयोजना प्रमुखको

नाम :

दस्तखत :

मिति २०७८।०४।......... को निर्णय अनुसार चौथो त्रैमासिकको शोधभर्ना श्रोत फुकुवा हुन आवश्यक बुदाहरुको Checklist

**सम्वन्धित मन्त्रालय:**

**आयोजनाको नाम :**

**अनुदान/ऋण नं. :**

**बजेट उपशिर्षक नं.**

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

| कार्य बिधिको बुदा न. | कार्य बिधिको बिबरण | छ | छैन | अन्य/कैफियत | आवश्यक नपर्ने |
|---|---|---|---|---|---|
| 4.1 | आ.व. २०७८।०७९ को दोस्रो त्रैमासिकसम्मको शोधभना लिन बाँकी सबै रकम शोधभना प्राप्त भैसकेको हुनुपर्ने । | | | | |
| | सो नभएमा अर्थ मन्त्रालयबाट शोधभना बक्यौता रहे पनि श्रोत फुकूवा दिन सिफारिस भै आउनु पर्ने । मन्त्रालयको प.स. च.न. मिति | | | | |
| 4.2 | आ.व.२०७७।०७८ को आयोजनाहरुले दातृ निकायले निर्दिष्ट गरेको आयोजना लेखा (लेखा परिक्षण भएको) पेश भएको हुनु पर्ने | | | | |
| | आयोजना लेखा पेश गर्नु नपर्ने दातृ निकायहरुको स्रोत तर्फको हकमा दातृ निकायबाट निर्दिष्ट गरिएको आयोजना/कार्यक्रमको निकासा खर्चको एकिकृत विवरण पठाएको जानकारी र विवरण पेश भएको हुनु पर्ने । | | | | |
| 4.3 | IPR/FMR दातृ निकायलाई पेश भएकोमा यस कार्यालयलाई एक प्रति प्राप्त हुनुपर्ने । | | | | |
| 4.4 | शोधभर्ना वा कोषपुर्तिको लागि माँग पत्र/ Withdrawl Application दातृ निकायमा पठाएकोमा सो को एक प्रति महालेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने । | | | | |
| | निकासा फुकुवा मागगर्दा अघिल्लो चौमासिकको शोधभर्ना माग प्रकिया सुरु गरेको हुनुपर्ने । | | | | |
| 4.5 | दातृ निकायबाट शोधभना प्राप्त नहुने धरौटी, प्रतित-पत्र, पेश्की आदि रकम भएमा सम्बन्धित मन्त्रालयबाट फुकुवा सिफारिश भै आएको हुनु पर्ने । | | | | |
| 4.6 | बैंकले कमिशन लिएको भए सो पुष्ट्याइ हुने विवरण सहित सम्बन्धित मन्त्रालयबाट फुकुवाको लागि सिफारिस भइ आएको हुनु पर्नेछ । | | | | |
| 4.7 | बेरुजु खातामा दाखिला गरेको रकमको बैंक भौचर पेश गर्नु पर्नेछ । | | | | |
| 4.8 | यस आ.व. मा रकमान्तर/श्रोतान्तर भै रकम घटबढ भएको भए सो अनुसार जिल्लागत र श्रोतगत अख्तियारी र कार्यक्रम समायोजन भैसकेको हुनुपर्ने । | | | | |
| 4.9 | श्रोतगत रुपमा फरक पारी खर्च भएको वा Joint Financing Agreement अनुसार संसोधन गरी वजेट मिलान गर्नु पर्ने भए गरिसकेको हुनु पर्ने । | | | | |
| 4.10 | आर्थिक कार्यविधि तथा वितीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिमको अनुसूची ३ र ९ को प्रतिवेदन पेश गर्नु पर्ने । | | | | |
| 4.11 | आयोजनाको नाममा खोलिएको विशेष खाताको हिसाब पेश भएको हुनु पर्ने । | | | | |
| 4.12 | DLI मा आधारित आयोजना/कार्यक्रम हरुको Progress report/ DLI Rotation Plan सहित Dishbursement Schedule पेश गर्नु पर्नेछ | | | | |
| 4.13 | Retroactive Financing भएका आयोजना/कार्यक्रम हरुको हकमा कुल आयोजना/कार्यक्रम लागत, Retroactive Financing अनुपात/प्रतिशत र शोधभर्ना हुने गरी भएको जम्मा खर्च खुलाई बिवरण पेश भएको । | | | | |
| 4.14 | नेपाल सरकार र दातृ निकाय बीच सहायता सम्झौता भै प्राप्त भएको अनुदान/ऋण रकम नेपाल सरकारले सहायक ऋण सम्झौता गरी स्वायत्त संस्थाहरुमा गरिएको लगानी रकम नेपाल सरकारबाट खर्च भै गएकोले सोभभर्ना बक्यौता हिसाबमा जनिएको तर सहायक ऋण सम्झौता गर्ने संस्थाले खर्च नगरी मौज्दात रहेको रकमको हिसाबको प्रमाणित बिबरण पेश गरि सो रकम कट्टा गरी मात्र निकासा फुकुवा माग गर्ने । | | | | |
| 4.15 | वित्तीय हस्तान्तरण भई प्रदेश तथा स्थानीय तहमा सञ्चालित आयोजनाको हकमा चालु आ.व.को प्रथम चौमासिक सम्मको वजेट, निकासा तथा खर्चको श्रोतगत विवरण सम्वन्धित आयोजना सञ्चालन गर्ने निकायले तयार गरी सम्वन्धित लेखा उत्तरदायी अधिकृतवाट प्रमाणित गराई पेश गरेको हुनुपर्ने । | | | | |

**आर्थिक प्रशासन प्रमुखको**
नाम :
दस्तखत :

**आयोजना प्रमुखको**
नाम :
दस्तखत :